भाग ५

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

सूचना

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विदेशबाट आयात गरिने चिनीमा परिमाणात्मक बन्देज लगाउने सम्बन्धमा मिति २०७५।५।३१ मा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :–

(क) संवत् २०७५ साल बैशाख १ गते देखि संवत् २०७५ साल चैत मसान्तसम्मको लागि कूल ९४,९०० (चौरानब्बे हजार नौसय) मेट्रिक टन ननाघ्ने गरी विदेशबाट आयात गरिने चिनीमा परिमाणात्मक बन्देज लगाउने,

(ख) खण्ड (क) को व्यवस्था नेपालको भन्सार क्षेत्रमा प्रवेश गरिसकेको आयातित चिनीको हकमा लागू नहुने ।

तर आयातको अन्य प्रकृयामा रहेका चिनीको हकमा खण्ड (क) को व्यवस्था लागू हुने ।

आज्ञाले,
चन्द्र कुमार घिमिरे
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३